मिति:२०८१/०३/१७

श्री प्रमुख ज्यू
चाँगुनारायण नगरपालिका,
भक्तपुर ।

**विषय: मागपत्र पेश गरेको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा हामी निवेदकहरु यस चाँगुनारायण नगरपालिका भित्र कार्यक्षेत्र रही पुर्व प्राथमिक विद्यालय संचालन गरी आएका छौ । सवै विद्यालयहरुको भुमिका समाजमा निकै संवेदनसिल र महत्वपूर्ण रहेको हुन्छ । त्यसमा पनि पूर्व प्राथमिक विद्यालयको भूमिका झनै संवेदनसिल रहेको हुन्छ । पूर्व प्राथमिक विद्यालयहरुले शिक्षा भन्दा पनि नानीबाबुहरुको खानपिन, निद्रा, खेल, मनोरञ्जन तथा संवेगहरुको ख्याल गरी शारीरिक, मानसिक, संबेगात्मक लगाएत सर्बागिन बिकासमा ध्यान दिन आवस्यक रहेको हुन्छ ।

पूर्व प्राथमिक शिक्षा स्कुल शिक्षाको आधार स्तम्भ हो । नगरपालिकाले न्यूनतम मापदण्ड सहितका पूर्व प्राथमिक विद्यालय संचालन गर्ने बाताबरण बनायमा मात्र स्कुल शिक्षामा जाने बिद्यार्थीहरु शारीरिक र मानसिक अब्बल हुन्छन ।

नगरपालिकाले पूर्व प्राथमिक विद्यालय र बिद्यालयलाई फरक दृष्टिकोणले हेरी नगर शिक्षा समितिमा समेत फरक फरक प्रतिनिधित्व हुनेगरी प्रतिनिधि राख्नु अनिवार्य रहेको देखिन्छ ।

हामी यस चाँगुनारायण नगरपालिकामा पूर्व प्राथमिक बिद्यालय संचालन गरी एशोसियसन अफ प्रि स्कुल एजुकेटर्स नेपाल(अपेन) को चाँगुनारायण नगर कमिटीमा संगठित रहेका स्कुलहरुको तर्फबाट निम्न बमोजिमका मागहरु राखि मागपत्र पेश गरेका छौ ।

(१)**शिक्षा समितिमा प्रतिनिधी नियुक्ति गर्ने सम्वन्धमा :** चाँगुनारायण नगरपालिकाको शिक्षा ऐन, २०७४ को दफा ८ बमोजिम गठन हुने नगर शिक्षा समितिमा पूर्व प्राथमिक विद्यालयको तर्फबाट यस एशोसियसन अफ प्रि स्कुल एजुकेटर्स नेपाल(अपेन), चाँगुनारायण नगरकमिटी अध्यक्ष तथा भाट भटेनी मन्टेश्वरी प्रि स्कुलकी प्रिन्सीपल अनिता कार्कीलाई शिक्षा समितिमा प्रतिनिधि नियुक्ति गर्नको लागि माग गर्दछौ ।

(२)**अभिभावक शिक्षा(Parenting Education) सम्वन्धि तालिम संचालन गर्ने सम्वन्धमा** : अभिभावकहरुले मन्टेश्वरी, किन्डरगार्डेन लगाएतका प्रि स्कुलहरुमा छोराछोरीहरु स्कुल पठाएको केही समयमै सरर अग्रेजीमा पढन बोल्न सकुन भन्ने जस्ता अधिक अपेक्षा गरेकोमा स्कुलहरुले समेत दबाब थेग्न नसकी बालबालिकाको शारीरिक तथा मानसिक क्षमता भन्दा फरक शैक्षिक कृयाकलाप गराउ बाध्य भएको देखिदा प्रि स्कुलहरुमा हुने बालबालिकाको शैक्षिक कृयाकलापहरुको बारेमा अभिभावकहरुलाई जानकारी दिनको लागि अभिभावक शिक्षा(Parenting Education) सम्वनिध तालिम संचालन गर्न माग गर्दछौ ।

(३)**अटिजम सम्वन्धि तालिम संचालन गर्ने सम्वन्धमा** : बदलिदो परिस्थिति, खानपान, दैनिक कृयाकलापहरुमा आएको परिवर्तनले बालबालिकाहरुमा अटिजमको संख्या बढदै गएको छ । सवै स्कुलहरुमा केही संख्यामा अटिजम भएका बिद्यार्थिहरु भर्ना भएका छन । साधारण प्रि स्कुलहरुले उक्त अटिजम भएका बालबालिकाहरुलाई पढाउन सक्दैनन । अभिभावकहरुलाई सम्झाउन समेत अप्ठेरो अवस्था सृजनाहुने भएकोले नगरपालिका द्वारा अटिजम सम्वन्धि तालिम संचालन गर्नको लागि माग गर्दछौ ।

(४)**शिक्षक तालिम संचालन गर्ने सम्वन्धमा** : नगरपालिकाले सामुदायिक बिद्यालयका शिक्षकहरुलाई शिक्षण सिकाई सम्वन्धि तालिमको प्रवन्ध गरेपनि संस्थागत बिद्यालयका शिक्षकहरुलाई तालिमको ब्यवस्था गरिएको छैन । त्यसैले संस्थागत प्रि स्कुलका शिक्षकहरुलाई प्रत्यक वर्ष शिक्षण सिकाई सम्वन्धि तालिमको ब्यवस्था गरिपाउँ भनि माग गर्दछौ ।

(५)**स्कुल संचालक, ब्यवस्थापक, लेखा, प्रशासन तथा आयालाई तालिम दिने सम्वन्धमा** : हामी निवेदकहरु कार्यरत रहेका सवै प्रि स्कुलका लगानिकर्ताहरुलाई नगरपालिकाको शिक्षा सम्वन्धि नियमकानूनको बारेमा थाहा नहुन सक्छ । वा शिक्षा सम्वन्धि अध्यावधिक भएका कानूनहरुको बारेमा थाहाजानकारी गराउनुपर्ने हुनसक्छ । चाँगुनारायण नगरपालिकाले परिकल्पना गरे बमोजिम निजि लगानिमा संचालित स्कुलहरु संचालन गर्नको लागि स्कुलका लगानिकर्ता/संचालक, ब्यवस्थापक, लेखा, प्रशासन तथा आयाहरुलाई तालिमको ब्यवस्था गर्न माग गर्दछौ ।

(६)**संग्रालय सम्वन्धमा** : बालबालिकाहरुको पुरातात्वीक, सांस्कृतिक तथा नेपालीपन झल्कने संस्कार र संस्कृति हस्तान्तरणको लागि संग्रालय स्थापनाको लागि माग गर्दछौ ।

(७) **खेलमैदान सम्वन्धमा** : बालबालिकाको चौतर्फि बिकासको लागि पार्याप्त खेलमैदान आवस्यक हुने तर यस चाँगुनारायण नगरपालिकामा खेलमैदान नभएको हुदा खेल मैदान निर्माणको माग गर्दछौ ।

अतः हामी निवेदकहरुले माथि उल्लेख गरे बमोजिमका शैक्षिक मागहरु यस शैक्षिक शत्र देखि लागु हुनेगरी कार्यान्वयन गरीपाउँ भनि यो निवेदन पेश गरेका छौ । निवेदन माग बमोजिम गरीपाउँ ।

**निवेदकहरु**

(१)अनिता कार्की,

प्रिन्सिपल, भाट भटेनी मन्टेश्वरी प्रि स्कुल

(२)शान्ती खडका

प्रिन्सिपल, डाइमण्ड मन्टेश्वरी प्रि स्कुल

(३)शर्मिला चालिसे,

प्रिन्सिपल, चैतन्य प्रि स्कुल

(४)बिमला खडका,

प्रिन्सिपल, गुरुकुल बिद्यामन्दीर

(५)सुनिता शर्मा,

प्रिन्सिपल, सास्कृतिक बिद्यामन्दीर

(६)मुना दाहाल,

प्रिन्सिपल, किड्स गार्डेन मन्टेश्वरी प्रि स्कुल

(७)सबिता खडका,

प्रिन्सिपल, नियना किनडरगार्डेन